मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ्ग, म्याग्दी
२०७३
गण्डकी प्रदेश, नेपाल
०६९-४२००२२

पत्र संख्याः- २०८२/८३
चलानी नं.

मितिः- २०८२।१०।१९

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दरबाङ्ग, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३ सूचना नं : ६६

## फलफुल तथा तरकारी नर्सरी स्थापना कार्यक्रमका लागी निवेदन पेश गर्ने सम्बन्धी सूचना!!!

यस मालिका गाँउपालिका कृषि शाखाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम फलफुल तथा तरकारी नर्सरी स्थापना कार्यक्रम अन्तर्गत यस गाँउपालिकामा ६० प्रतिशत अनुदानमा फलफुल/ तरकारी नर्सरी स्थापना गर्न सकिने भएकोले यस मालिका गाँउपालिका स्थित सम्पुर्ण ईच्छुक कृषक समुह/ कृषि फर्म तथा सहकारीले यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०८२/११/०४ गते भित्र यस कार्यालयको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सवैमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

आवश्यक कागजातहरुः

- निर्दिष्ट ढाँचामा माग सम्बन्धी निवेदन
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- फर्म/ सहकारी/ समुह दर्ता र नविकरण को प्रतिलिपि, स्थायी लेखा नम्बर, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि।
- व्यक्तिगत माग पेश गरिने हकमा आवेदकको नागरिकताको प्रतिलिपि
- स्वघोषणा तथा विस्तृत कार्ययोजना
- जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिई नर्सरी स्थापना गर्न चाहेको खण्डमा कम्तीमा १० वर्षसम्मको जग्गाभाडा सम्झौताको प्रतिलिपि

थप जानकारीको लागी गाँउपालिकाको कृषि शाखामा अथवा देहाय वमोजिमको नं मा सम्पर्क गरी जानकारी लिन सकिनेछः ९८६७६६४९५०, ९७६३५४०३४०, ९८४१९८६८४६

हरिश्चन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२/      /

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु,
मालिका गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय,
दरबाङ्ग, म्याग्दी।

विषयः फलफुल तथा तरकारी नर्सरी स्थापना गरिपाँउ भन्ने बारे।

प्रस्तुत विषयमा तहाँ कार्यालयको सूचना नं ६६ को सूचना बमोजिम यस मालिका गाँउपालिका वडा नं ........स्थित मेरो कृषि फर्म/ कृषक समूह/कृषि सहकारी .................................................................................... का लागी ........................................................... क्षेत्रफलमा नर्सरी स्थापना गर्न ईच्छुक रहेकाले तहाँ कार्यालय मार्फत सन्चालन हुने फलफुल तथा तरकारी नर्सरी स्थापना कार्यक्रम मार्फत ६० प्रतिशत अनुदानको नर्सरी स्थापना कार्यक्रममा सहभागी गराई उक्त अनुदान उपलब्ध गराईदिनुहुनका लागी यो निवेदन पेश गर्दछु।

निवेदक
नाम:
ठेगाना:
सम्पर्क नं:
हस्ताक्षर: